# राष्ट्रिय समाचार : २४ मार्च २०२६

## यो आकाशवाणी हो

सर्व प्रथम यस बुलेटिन का प्रमुख समाचार

1) पश्चिम एशियामा शान्ति कायम गर्न संवाद र कूटनीतिक पहलले मात्र सम्भव रहेको, प्रधानमन्त्री नरेन्द्र मोदी को भनाइ

2) निर्वाचन आयोग द्वारा पांच राज्यमा सम्पन्न हुने आगामी चुनाव सम्बन्धमा राज्यका वरिष्ठ अधिकारिहरुसंग समीक्षा बैठक

3) दिल्लीकि मुख्यमन्त्री रेखा गुप्ता द्वारा वित्तीय वर्ष २०२६-२७ का लागि एक लाख तीन हजार सात सय करोडको बजट दिल्ली विधानसभामा प्रस्तुत

4) अनुसूचित जाति अधिकार केवल हिन्दु, सिक्ख र बौद्ध धर्मावलम्बीलाई मात्र रहेको सर्वोच्च अदालत द्वारा ठहर

(1) प्रधानमन्त्री नरेन्द्र मोदीले पश्चिम एशियामा भइरहेको युद्धबारे आज राज्य सभामा भारतको धारणा प्रस्तुत गर्नुभयो। उहाँले संवाद र कूटनीतिक पहलमार्फत शान्ति कायम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

श्री मोदीले भन्नुभयो, भारतले खाडी मुलुकहरू, इरान, इजरायल र अमेरिकाका नेताहरूसँग वार्ता गरेर द्वन्द्व कम गर्ने प्रयास गरिरहेको छ। उहाँले होर्मुजको जलडमरू बन्द हुनु र व्यापारी जहाजमाथि आक्रमण हुनु अस्वीकार्य भएको बताउनुभयो।

प्रधानमन्त्रीले ऊर्जा संकटले भारतलाई पनि असर पारेको भन्दै पेट्रोल, डिजेल, ग्यास र मल आपूर्ति प्रभावित भएको जानकारी दिनुभयो। उहाँले हालै भारतमा विभिन्न मुलुकबाट तेल र ग्यास ल्याउने जहाज सुरक्षित रूपमा आइपुगेको बताउनुभयो।

श्री मोदीले खाडी मुलुकहरूमा करिब एक करोड भारतीय बसोबास गर्ने भएकाले उनीहरूको सुरक्षा ठूलो चिन्ता भएको बताउनुभयो । उहाँले युद्ध सुरु भएदेखि तीन लाख ७५ हजारभन्दा बढी भारतीयलाई सुरक्षित रूपमा भारत आइसकेको जानकारी पनि दिनुभयो।

प्रधानमन्त्रीले आत्मनिर्भर भारत अभियानलाई जोड दिँदै जहाज निर्माणमा ठूलो लगानी गरिएको र रक्षा क्षेत्रमा पनि घरेलु उत्पादन बढाइएको बताउनुभयो। उहाँले किसानलाई मलको पर्याप्त उपलब्धता सुनिश्चित गरिने आश्वासन दिनुभयो।

भारतले लघु , मध्यम र दीर्घकालीन रणनीतिसहित संकटको असर कम गर्ने प्रयास गरिरहेको प्रधानमन्त्री मोदीले स्पष्ट गर्नुभयो।

(2) रक्षामन्त्री राजनाथ सिंहले आज नयाँ दिल्लीमा आयोजित बैठकमा पश्चिम एशियाको परिस्थितिको समीक्षा गर्दै यसले भारतको रक्षा तयारीमा पर्ने प्रभावबारे छलफल गर्नुभयो। बैठकमा प्रमुख रक्षा अध्यक्ष, तीनै सेनाका प्रमुख, रक्षा सचिव, रक्षा उत्पादन सचिव तथा डीआरडीओ अध्यक्ष सहभागी थिए।

बैठकमा मन्त्रीलाई, विश्व तथा क्षेत्रीय सुरक्षा अवस्था, द्वन्द्व अझै जारि रहेमा भारतमा पर्ने असर, आपूर्ति श्रृंखला व्यवस्थापन, रक्षा उपकरणको खरिद तथा उत्पादनमा देखिने चुनौतीबारे जानकारी गराइयो ।

श्री सिंहले जारी द्वन्द्वबाट प्राप्त हुने सञ्चालन तथा प्रविधिगत पाठलाई निरन्तर अध्ययन गर्न निर्देशन दिनुभयो, उहाँले आगामी दशकका लागि देशका चुनौती र अवसरलाई ध्यानमा राखी आत्मनिर्भरता र सबै मोर्चामा सञ्चालन सुनिश्चित गर्ने एकीकृत रोडम्याप तयार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

(3) निर्वाचन आयोगले चुनाव हुने पाँच राज्य तथा यी राज्यहरुसंग सीमाजोडिएका १२ अन्य राज्य र केन्द्रशासित प्रदेशका मुख्य सचिव, मुख्य निर्वाचन अधिकृत, प्रहरी महानिरीक्षक तथा वरिष्ठ अधिकारीहरूसँग समीक्षा बैठक गरेको छ।

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमार, निर्वाचन आयुक्त डा. एस.एस. सन्धु र डा. विवेक जोशीले असम, केरला, पुदुचेरी, तमिलनाडु र पश्चिम बंगालमा हुने निर्वाचन तयारी, कानून-व्यवस्था स्थिति तथा खर्च नियन्त्रणबारे जानकारी लिएका छन्। साथै, छ राज्यमा हुने उपनिर्वाचनबारे पनि समीक्षा गरेका छन् ।

बैठकमा अवैध नगद, मदिरा, लागूपदार्थ, हतियार बरामद, अन्तर-राज्य चेकपोस्टमा निगरानी तथा संवेदनशील निर्वाचन क्षेत्रबारे पनि निरीक्षण गरिएको थियो। आयोगले सीमा क्षेत्रमा विशेष ध्यान दिन र शान्ति कायम गर्न सीमा बन्द गर्ने व्यवस्था मिलाउने निर्देशन दिएको छ।

केन्द्रीय निकायहरू— आयकर विभाग, सीमा शुल्क विभाग, प्रवर्तन निदेशालय, भारतीय तटरक्षक, असम राइफल्स लगायतलाई अन्तर-राज्य चेकपोस्टमा निगरानी बढाउन र मतदान हुने राज्यहरूमा सतर्कता कडाइका साथ लागू गर्न भनिएको छ। साथै, नार्कोटिक्स कन्ट्रोल ब्यूरो, जीएसटी विभाग र राजस्व गुप्तचर निदेशालयलाई पनि चुनावअघि निगरानी र कारबाही तीव्र बनाउन निर्देशन दिइएको छ।

समाचार आकाशवाणी बाट सुन्दै हुनुहुन्छ

(4) दिल्लीकी मुख्यमंत्री रेखा गुप्ताले आज विधानसभामा बजेट सत्र अन्तर्गत वित्तीय वर्ष २०२६-२७ का लागि एक लाख तीन हजार सात सय करोड रुपैयाँको वार्षिक बजेट प्रस्तुत गर्नुभयो।

सत्रलाई सम्बोधन गर्दै उहाँले प्रति व्यक्ति आयको हिसाबले दिल्ली देशभर तेस्रो स्थानमा रहेको बताउनुभयो। उहाँले सकल घरेलु उत्पादनमा दिल्लीको योगदान २०२४-२५ मा ३.६७ प्रतिशतबाट बढेर २०२५-२६ मा ३.७२ प्रतिशत हुने अनुमान गरिएको जानकारी दिनुभयो।

मुख्यमन्त्री गुप्ताले कुल बजेटको ७०.३ प्रतिशत राजस्व खर्चका लागि र २९.७ प्रतिशत पूँजीगत खर्चका लागि छुट्याइएको बताउनुभयो। उहाँले आगामी वित्तीय वर्षमा पूँजी लगानी बढाउने र राजकोषलाई सबल बनाउन सरकार केन्द्रित हुने स्पष्ट गर्नुभयो।

(5) सर्वोच्च अदालतले केवल हिन्दु, सिक्ख वा बौद्ध धर्म मान्ने व्यक्तिहरूलाई मात्र अनुसूचित जाति को मान्यता रहने निर्णय सुनाएको छ । अदालतले स्पष्ट पारेको छ कि यदि कुनै व्यक्ति अन्य धर्ममा, जस्तै इसाई धर्ममा, धर्म परिवर्तन गर्छ भने उनी तुरुन्तै अनुसूचित जातिको अधिकार गुमाउँछन्।

आन्ध्र प्रदेश उच्च अदालतको आदेशलाई कायम राख्दै सर्वोच्च अदालतले भनेको छ कि इसाई धर्म ग्रहण गरेर त्यसलाई सक्रिय रूपमा अभ्यास गर्ने दलित व्यक्तिलाई अब अनुसूचित जाति सदस्य मान्न सकिँदैन।

न्यायाधीश पी. के. मिश्र र मनमोहनको इजलासले थप स्पष्ट पारेको छ कि इसाई धर्ममा धर्म परिवर्तन गरेका दलितले अनुसूचित जाति तथा जनजाति (अत्याचार निवारण) ऐन अन्तर्गत संरक्षण पाउन सक्दैनन्।

अदालतले संविधानको अनुसूचित जाति आदेश, १९५० अन्तर्गत यो व्यवस्था स्पष्ट रूपमा उल्लेख भएको बताएको छ। आदेशको धारा ३ अनुसार हिन्दु, सिक्ख वा बौद्ध धर्म बाहेक अन्य धर्म मान्ने व्यक्तिहरू जन्मजात दलित भए पनि अनुसूचित जातिको सदस्य मानिँदैनन्।

(6) दक्षिण-पश्चिम दिल्ली, पालममा भएको आगलागी घटनामा नौ जनाको मृत्यु भएको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग ले दिल्लीका मुख्य सचिव र प्रहरी आयुक्तलाई नोटिस जारी गरेको छ। आयोगले स्वतः संज्ञान लिँदै दुई साताभित्र विस्तृत प्रतिवेदन पेश गर्ने माग गरेको छ, जसमा पीडित र घाइतेलाई दिइने क्षतिपूर्ति सम्बन्धी विवरण पनि समावेश गर्नुपर्नेछ।

यसै महिनाको १८ तारिख चार तले भवनमा यो घटना भएको थियो। पसलमा सर्ट सर्किटका कारण आगलागी सुरु भएको हो। स्थानीय बासिन्दाले फसेकाहरूलाई बचाउने प्रयास गर्दा केही घाइते भएका थिए। रिपोर्टमा अग्नि नियन्त्रण विभागको हाइड्रोलिक क्रेनमा समस्या आउँदा उद्धार कार्य ढिलो भएको पनि उल्लेख गरिएको छ।

यसैगरी आयोगले रायपुर, छत्तीसगढमा निजी अस्पतालको सेप्टिक ट्याङ्क सफा गर्ने क्रममा तीन सरसफाइ कामदारको मृत्यु भएको घटना सम्बन्धमा, जिल्ला अधिकारी र वरिष्ठ प्रहरी अधीक्षकलाई नोटिस जारी गरेको छ।

आयोगले स्वतः संज्ञान लिँदै दुई साताभित्र विस्तृत प्रतिवेदन प्रस्तुत गर्ने निर्देश गरेको छ। प्रतिवेदनमा घटनाबारे सम्पूर्ण विवरण समावेश गर्नुपर्नेछ ।मिडियाको रिपोर्टअनुसार यो घटना यस महिनाको १७ तारिक भएको थियो ।

(7) आज विश्व क्षयरोग दिवस मनाइँदैछ । हरेक वर्ष मार्च २४ मा मनाइने यसको उदेश्य, क्षयरोग सम्बन्धका गम्भीर स्वास्थ्य, सामाजिक र आर्थिक असरबारे जनचेतना फैलाउनु रहेको छ ।

अखिल भारतीय आयुर्विज्ञान संस्थान, AIIMS, नयाँ दिल्लीका पल्मोनरी, क्रिटिकल केयर तथा स्लीप मेडिसिन विभागका प्रमुख प्राध्यापक डा. अनन्त मोहनले बताउनु भए अनुशर , सरकारले सञ्चालन गरेको राष्ट्रिय क्षयरोग उन्मूलन कार्यक्रमले देशलाई क्षयरोगविरुद्धको लडाइँमा मजबुत बनाइरहेको छ । उहाँका अनुसार यो कार्यक्रमले आगामी १० देखि १५ वर्षभित्र क्षयरोगको दर क्रमशः घटाउने लक्ष्य राखेको छ।

डा. मोहनले क्षयरोग मुख्यतया खोकी गर्दा निस्कने थोपाहरू वा सास फेर्दा फैलिने संक्रमणबाट सर्ने बताउनुभयो। क्यान्सर, नियन्त्रण नभएको मधुमेह, मिर्गौला फेल हुने वा अन्य दीर्घ रोग भएका कमजोर प्रतिरक्षा प्रणाली भएका व्यक्तिहरू बढी जोखिममा रहने उल्लेख गर्नुभयो। उहाँले क्षयरोगको अन्त्य गर्न जनचेतना साथै समयमै उपचार, अत्यन्त महत्वपूर्ण रहेको औंल्याउनुभयो।

अन्तमा प्रमुख समाचार पुनः एक पटक

1) पश्चिम एशियामा शान्ति कायम गर्न संवाद र कूटनीतिक पहल ले मात्र सम्भव रहेको, प्रधानमन्त्री नरेन्द्र मोदी को भनाइ
2) निर्वाचन आयोग द्वारा पांच राज्यमा सम्पन्न हुने आगामी चुनाव सम्बन्धमा राज्यका वरिष्ठ अधिकारि हरुसंग समीक्षा बैठक

3) दिल्लीकि मुख्यमन्त्री रेखा गुप्ता द्वारा वित्तीय वर्ष २०२६-२७ का लागि एक लाख तीन हजार सात सय करोडको बजट प्रस्तुत

4) अनुसूचित जाति अधिकार केवल हिन्दु, सिक्ख र बौद्ध धर्मावलम्बीलाई मात्र रहेको सर्वोच्च अदालत द्वारा ठहर